# रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसंस्कृति

❋महेश छेत्री
maheshchettri2018@gmail.com

*अध्ययनसार*

नेपाली समाजमा विविध प्रकारका संस्कृति पाइन्छन् । नेपाली लोकसमुदायमा पनि विविध प्रकारका लोकसंस्कृति प्रचलित छन् । नेपाली लोकजीवनमा विविध प्रकारका भौतिक वस्तुको उपभोग र प्रयोग गरिन्छ । यस लेखमा भौतिक लोकसंस्कृतिको आधारमा निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिको अध्ययन गर्ने प्रयास गरिएको छ । अध्ययनका क्रममा उनका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिलाई विभिन्न भेद-उपभेदमा विभाजित गरी उदाहरण प्रस्तुत गरेर अध्ययन विश्लेषण गरिएको छ । साथै संक्षिप्त व्याख्या गरी निष्कर्ष दिइएको छ ।

**प्रमुख शब्दावली-** लोकसंस्कृति, लोकखाद्य, लोकसामग्री, लोकवेशभूषा, लोकआभूषण आदि ।

## विषयप्रवेश

नेपाली लोकसमुदायको दैनिक कार्यमा विविध प्रकारका भौतिक वस्तुको प्रयोग गरिन्छ। नेपाली लोकसमुदायले खेती कृषि गर्दा हलो, कोदालो, काटा, फरूवा, कुटो, कचियाँ, फ्याउरी, दाँदे आदि भौतिक वस्तुको प्रयोग गर्ने चलन छ । नेपाली लोकसमुदायको घरेलु कार्य तथा घरेलु उद्योगमा ढिकी, जाँतो, घट्ट, कोल, लोहोरो, सिलौटो, खुकुरी, डोको, पेरूङ्गो, ठेकी, मदानी, नाङ्लो, थुन्चे आदि भौतिक वस्तुको प्रयोग गरिन्छ । नेपाली लोकसमुदायले कोदोको ढिडो, कोदोको रोटी, मकैको रोटी, गुन्द्रुक, सिन्की, माछा, मासु, फलफूल, साग, सब्जी, दही, दूध आदि भौतिक वस्तु खाने चलन छ। नेपाली लोकसमुदायले दौरा, सुरूवाल, ढाका टोपी, फरिया, गुन्यू, चोलो, साडी जस्ता भौतिक लोकवेशभूषा लगाउने चलन छ। नेपाली लोकसमुदायमा ढुङ्गी, बुलाकी, हार, शिरफुल, चुडा, कल्ली जस्ता भौतिक गरगहना लगाइन्छ। निबन्धकार रामलाल अधिकारीका निबन्धमा यी विविध प्रकारका भौतिक लोकसंस्कृति प्रतिध्वनित भएका पाइन्छन् । यस शोधलेखमा आवश्यकताअनुसार निगमनात्मक र आगमनात्मक शोधविधिको अनुसरण गरेर शोध गरिएको छ। शोधका क्रममा विश्लेषणात्मक विधिको प्रयोग गरी रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिको अध्ययन अनुसन्धान गरिएको छ।

## लोकसंस्कृतिका प्रकारहरू

लोकसंस्कृतिका विविध प्रकारका भेद-उपभेद पाइन्छन् । संस्कृतिका अध्येताहरूले लोक संस्कृतिलाई विविध प्रकारमा विभाजन गरेको देखिन्छ। कर्णाली लोक संस्कृति भौगोलिक दृष्टिकोण (वि.सं.२०२८) मा स्थिर जङ्गबहादुर सिंहले लोक संस्कृतिलाई जाति, धर्म, पेशा एवं संस्कृति तथा ग्रामीण घरेलु उद्योग -मा वर्गीकरण गरेका छन् । यसरी नै सत्यमोहन जोशी, चूडामणि बन्धु र अन्यले कर्णाली लोकसंस्कृति (वि.सं.२०२८) १-५-मा लोकसंस्कृतिलाई (१) ऐतिहासिक, (२) भौगोलिक (३) सामाजिक-सांस्कृतिक, (४)भाषा, (५) लोकसाहित्य, (६)सङ्गीत र कलामा छुट्याएको देखिन्छ। यसरी नै विजय चालिसेले डोटेली लोकसंस्कृति र साहित्य (वि.सं.२०६५) नामक पुस्तकमा डोटेली लोकसंस्कृति र लोकसाहित्यलाई (१) सामाजिक व्यवस्था, (२) रहनसहन र धार्मिक परम्परा र (३) लोकसाहित्यमा वर्गीकरण गरेका छन्। यी सबै लोकसंस्कृतिका वर्गीकरण प्रकारगत नभएर आधारगत वर्गीकरण हुन्। संस्कृति तथा लोक संस्कृतिका प्रकारगत वर्गीकरण द्रोणकुमार उपाध्याय पौडेल र वाकिल अहमदले गरेकाछन् । द्रोणकुमार उपाध्याय पौडेलले संस्कृतिलाई भौतिक संस्कृति (Material Culture) र अभौतिक संस्कृति (Non–Material Culture) गरी दुई प्रकारमा छुट्याएर अध्ययन गरेका छन्। यसरी नै वाकिल अहमदले लोकसंस्कृतिलाई चार प्रकारमा वर्गीकरण गरेका छन् -१.औपचारिक लोकसंस्कृति (Formalised Folk Culture),२.भौतिक लोकसंस्कृति (Material Folk Culture),३. प्रदर्शनात्मक लोकसंस्कृति (Performing Folk Culture), ४.कार्यात्मक लोक संस्कृति (Functional Folk Culture) । यी सबै प्रकारका लोकसंस्कृति अनुसन्धानमूलक छन् ।

❋ लेखक शोधार्थीका रूपमा नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालयमा अनुसन्धानरत रहेका छन् ।

**भौतिक लोकसंस्कृति (Material Folk Culture) को परिचय**

लोकमा प्रचलित तथा लोकका आँखाले देखिने दृश्यमान मूर्त लोकसंस्कृति भौतिक लोकसंस्कृति हुन् । कुनै क्षेत्रका लोकद्वारा दैनिक उपयोग गरिने भौतिक स्पृश्य सामग्रीहरू भौतिक लोकसंस्कृतिमा पर्दछन् । तेजप्रकाश श्रेष्ठले लोक-खानपान, लोक-पहिरन, चाडपर्व, वस्तुकला, लोकशिल्प, सरसामान, लोक-औजार तथा लोक-उपचारका लोकप्रविधिहरूलाई नै भौतिक संस्कृति भन्न सकिन्छ, भनेका छन् । चूडामणि बन्धुले भौतिक संस्कृतिलाई लोकको मानसिक संस्कृतिभन्दा भिन्न अमानसिक संस्कृति मानेका छन् ।  रिचर्ड एम डोर्सनले भौतिक संस्कृतिलाई 'फोक क्राफ्ट' र 'फोक आर्ट'-मा विभाजन गरेर भिन्नाभिन्नै रूपले अर्थ्याएका छन् ।  यसरी यी सबैका धारणाअनुसार भौतिक लोक संस्कृति लोकमा प्रचलित मूर्त वा स्पृश्य तथा दृश्यमान संस्कृति हुन् भन्ने बुझिन्छ । यस संस्कृति भित्र लोकसमुदायका दैनिक उपयोगी सामग्री तथा भौतिक दृश्य वस्तुहरू पर्दछन् ।

द्रोणकुमार उपाध्याय पौडेलले लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ नामक पुस्तकमा भौतिक लोकसंस्कृतिलाई (क) लोकशिल्पकला (Folk Craft), (ख) लोककला (Folk Art), (ग) लोकस्थापत्य कला (Folk Architecture),(घ) लोकपहिरन, (Folk Costume) (ङ) लोकपाककला (Folk Cookery) मा वर्गीकरण गरेका छन् ।  साथै उनले रोबर्ट बिएर्स्तेद्त (Robert Bierstedt) द्वारा वर्गीकरण गरिएका  १३ प्रकारका भौतिक संस्कृतिको यसरी उल्लेख गरेका छन्-(१) मेसिनहरू (Machines), २.उपकरणहरू (Tools), ३.भाँडाकुँडा वा वर्तनहरू (Utensils),४.भवनहरू (Buildings), ५.सडकहरू (Roads), ६.साँघुहरू (Bridges), ७.शिल्पकला (Artifacts), ८.कलात्मक वस्तुहरू (Art Object), ९.पहिरन (Clothing), १०.सवारी साधन (Vehicles), ११.उपस्कर वा फर्निचर (Furniture), १२.खाद्यपदार्थ (Food Stuff), १३.औषधीहरू (Medicines) ।

द्रोणकुमार उपाध्याय पौडेलले वर्गीकरण गरेको भौतिक लोकसंस्कृति र  रोबर्ट बिएर्स्तेद्तद्वारा वर्गीकरण गरिएका भौतिक संस्कृतिलाई आधारस्वरूप ग्रहण गर्दा भौतिक लोकसंस्कृतिअन्तर्गत लोकस्थापत्यकला वा परम्परागत भवन-घर, लोककला तथा लोककाष्ठसज्जा, लोकपाककला वा परम्परागत भाँडाकुँडा, यातायात साधन (डोली, बग्गी, बैलगाडी), लोकवेशभूषा, लोकवाद्य, लोकआभूषण वा गरगहना, लोकखाद्यपदार्थ वा परिकार, घरेलु जडीबुटी, लोकको मनोरञ्जनका वस्तुहरू, लोकऔषधि, घरेलु लोकसामग्री, लोकखेलका सामग्री आदि पर्दछन् । भौतिक लोकसंस्कृति र सभ्यताको सम्बन्ध घनिष्ट रूपले रहेको हुन्छ । मानिसले उपयोग गर्ने भाँडाकुँडा, लोकवेशभूषा, लोकआभूषण वा गरगहना, लोकका सौन्दर्य प्रसाधनका सामग्री सबै भौतिक लोकसंस्कृतिमा पर्ने हुनाले भौतिक लोकसंस्कृति सभ्यताका द्योतक हुन् । निबन्धकार रामलाल अधिकारीका निबन्धमा यी विविध प्रकारका भौतिक लोकसंस्कृति पाइन्छन् ।

**रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिको अध्ययन**

नेपाली समाजमा लोकद्वारा निर्मित विभिन्न भौतिक वस्तुको उपयोग गरिन्छ । नेपाली लोकसमुदायले आफ्नो दैनिक आवश्यकता पूर्तिका निम्ति विभिन्न भौतिक सामग्रीको उपभोग, उपयोग र प्रयोग गरेका हुन्छन् । निबन्धकार रामलाल अधिकारीका जम्मा पाँचवटा निबन्धसङ्ग्रह प्रकाशित छन्-१.भोकाएको कुकुर के भन्छ ? (वि.सं.२०१९), २.रविसप्तमी (सन् १९७३), ३.अलौटा र ठेटना (सन् १९७६), ४.निसंस्मरण (सन् १९९५) र, ५.भैरवको भूत (सन् २००१) । निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा नेपाली लोकसमुदायका भौतिक वस्तु, सामग्री तथा यससित सम्बन्धित भौतिक लोकसंस्कृतिलाई प्रस्तुत गरेका छन् । उनका निबन्धमा लोकखाद्य, लोकवेशभूषा, लोकआभूषण, लोकवाद्य, लोककला जस्ता भौतिक लोकसंस्कृति (Material Folk Culture) पाइन्छन् । वाकिल अहमद, रोबर्ट बिएर्स्तेद्त र द्रोणकुमार उपाध्याय पौडेलद्वारा गरिएको लोकसंस्कृति तथा भौतिक लोकसंस्कृतिको वर्गीकरणलाई आधार मानेर रामलाल अधिकारीका निबन्धमा पाइने यी भौतिक लोकसंस्कृतिको अध्ययन यस प्रकारले गरिएको छ-

**लोकखाद्य**

लोकले खाने परम्परागत मौलिक खाना वा लोकको खाद्यपदार्थ नै लोकखाद्य हो । नेपाली लोकसमुदायले प्राचीनकालदेखि कोदाको रोटी, कोदाको ढिँडो, सिद्रा, सुकुटी, किनेमा, गुन्द्रुक, साग-सब्जी, फलफूल, दही-दूध, जाँड-रक्सी, भात र खीर जस्ता मौलिक खाद्यपदार्थ खाने चलन चलिआएको छ । नेपालीको मौलिक खाद्यपदार्थले पनि नेपाली संस्कृतिलाई झल्काउँछ । खानपिन पनि संस्कृति र रहनसहनको एक अङ्ग हो । खानपिनले कुनै पनि समाजको आर्थिक स्थिति मात्र नभएर सुरुचि पनि व्यक्त गर्दछ ।  निबन्धकार रामलाल अधिकारीले नेपाली जातिको मौलिक तथा परम्परागत खानालाई उनका विविध निबन्धमा प्रस्तुत गरेका छन् । उनले उनको काउन्सिल कि

दार्जीलिङ ? नामक निबन्धमा नेपालीले खाने लोकखाद्यलाई यसरी प्रस्तुत गरेका छन्- '...साग-सब्जी, माछा-मासु सबै सस्ता...हामी कुहेको गन्ध आउने गुन्द्रुक, सिन्की, सिद्रा, सिकुटी, किनेमा मन पराएर खान्छौं भने उनीहरू पनि जरैसित साग खाँदा रहेछन्' (भैरवको भूत, पृ २६-२७) । यसमा उल्लेखित साग-सब्जी, माछा-मासु, गुन्द्रुक, सिन्की, सिद्रा, सिकुटी, किनेमा नेपाली लोकखाद्य हुन् । यी सबै नेपाली लोकखाद्य नेपाली लोकसमुदायले उपभोग गर्ने भौतिक वस्तु हुन् । उनको अर्को निबन्ध लाञ्छित जाँड रक्सीमा भौतिक लोकखाद्य जाँडलाई केन्द्रबिन्दु मानिएको छ । उदाहरण- 'क्षयरोगीका निम्ति कोदाको जाँड बल-वीर्यवर्धक मोटो हुनाको हेतु औ पुनर्जीवन दाता हो'( भोकाएको कुकुर के भन्छ ? पृ ८)यसरी नै उनको अर्को निबन्ध बब् मार्ले र मेरी छोरी-मा नेपालीले खाने लोकखाद्यलाई यस प्रकारले प्रस्तुत गरिएको छ- 'अब हाम्रा पैत्रिक र प्रचलित परम्परागत खाना कोदाको ढिँडो, कोदाको रोटी, हकुवा सिन्कीको स्थान ब्रेड, केक र जामले लिन थालेको छ' (भैरवको भूत, पृ १०७)। यसमा प्रस्तुत कोदाको ढिँडो, कोदाको रोटी, सिन्की नेपालीले खाने लोकखाद्य हुन् । यी सबै लोकखाद्य पदार्थ भौतिक वस्तु हुन् ।

**लोकवेशभूषा**

लोकले लगाउने पोशाक वा वेशभूषा नै लोकवेशभूषा हुन् । प्रत्येक जातिका आफ्नो देश, परिवेश र भौगोलिक स्थितिअनुसार परम्परागत पोसाक वा वेशभूषा हुन्छन् । नेपाली जातिको पनि आफ्नो परम्परागत मौलिक वेशभूषा छ । निबन्धकार रामलाल अधिकारीले आफ्नो निबन्धमा नेपाली जातिको मौलिक वेशभूषालाई प्रस्तुत गरेका छन् । उनले उनको एउटा प्रसङ्गः बंगाली र नेपाली लक्ष्मणको नामक निबन्धमा नेपाली जातिको मौलिक वेशभूषालाई यसरी प्रस्तुत गरेका छन्- उदाहरणः 'छेउमा अर्का लक्ष्मण उभिन्छन् गहुँगोरो वर्ण, बटारिएका छेपारी माथि-माथि सुरूवाल सुर्केका, चिम्से खिरिला आँखा र जर्खरिएका केश, हेर्दै रिसका पोका, खाँडीको दौरामाथि खाँडीकै पटुका बाँधेका'(निसंस्मरण, पृ,७१) । यसमा प्रस्तुत सुरूवाल, खाँडीको दौरा, खाँडीको पटुका नेपाली लोकजीवनमा पुरूषले लगाउने लोकवेशभूषा हुन् । नेपाली पुरूषले लगाउने यी सबै लोकवेशभूषा भौतिक वस्तु हुन् ।

उनको अर्को निबन्ध भानुभक्त र उनका चित्र-मा नेपाली स्त्रीले लगाउने लोकवेशभूषालाई यस प्रकारले प्रस्तुत गरिएको छ- '...लक्ष्मी सरस्वतीले चौबन्दी चोलो र गुन्यू लाएर हेम्बरी छोडी पटुका बाँधेका देखिने थिए' (निसंस्मरण, पृ,६७)। यसमा उल्लेखित चौबन्दी चोलो, गुन्यू, हेम्बरी र पटुका नेपाली लोकजीवनमा स्त्रीले लगाउने लोकवेशभूषा हुन् । नेपाली स्त्रीले लगाउने यी सबै लोकवेशभूषा भौतिक वस्तु हुन् ।

रामलाल अधिकारीका निबन्धमा पाइने लोकवेशभूषालाई निम्नरूपमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ-

(क) पुरूषसित सम्बन्धित नेपाली लोकवेशभूषा-

निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने नेपाली पुरूषसित सम्बन्धित लोकवेशभूषा दौरा सुरूवाल, खाँडीको दौरा, खाँडीको पटुका हुन् ।

(ख) स्त्रीसित सम्बन्धित नेपाली लोकवेशभूषा-

रामलाल अधिकारीका निबन्धमा पाइने नेपाली स्त्रीसित सम्बन्धित लोकवेश-भूषा चौबन्दी चोलो, गुन्यू, हेम्बरी र पटुका हुन् ।यसरी रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले लगाउने भौतिक वस्तु वेशभूषाको प्रस्तुति पाइन्छ ।

**लोकआभूषण**

लोकले लगाउने गरगहना वा आभूषण नै लोकआभूषण हुन् । सावित्रीचन्द्र शोभा लेख्छन्- कुनै पनि देशमा समाजका उन्नति तथा सभ्यताको एक पक्षीय स्वरूपको दर्शन, त्यहाँका विभिन्न वर्गको वस्त्रका कोटि एवम् बहुमूल्य आभूषणबाट नै हुने गर्छ। कुनै पनि जातिका आ-आफ्नो परम्परागत मौलिक आभूषण हुन्छन् । नेपाली जातिको पनि परम्परागत मौलिक आभूषण छन् । निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा नेपाली जातिले लगाउने लोक आभूषणलाई प्रस्तुत गरेका छन्। उनले उनको झाँक्री नाच-निबन्धमा झाँक्रीले लगाउने लोक आभूषणलाई यसरी प्रस्तुत गरेका छन्- 'झाँक्रीले गुँथेका पगरीमा सिउरिएका दुम्सीका काँडा जनजाति देखिनलाई होइन । तिनले जामाबाहिर कम्मरमा बाँधेका कौडी, रूद्राक्षका दाना र स-साना घण्टीका माला मुन्धुम हो'(भैरवको

भूत, पृ ८१) । यसमा प्रस्तुत कौडी, रूद्राक्षका दाना र घण्टीका माला झाँक्रीले लगाउने लोकआभूषण हो । प्रस्तुत झाँक्रीले लगाउने लोक आभूषण भौतिक वस्तु हुन् ।

उनको अर्को निबन्ध भानुभक्त र उनका चित्रमा नेपाली स्त्रीले लगाउने लोकआभूषणलाई यस प्रकारले प्रस्तुत गरिएको छ- 'गहनाका नाउँमा पोते, पुँवालो, कल्ली लाइदिएको हुने थियो' (निसंस्मरण, पृ ६७) । यसमा उल्लेखित पोते, पुँवालो, कल्ली नेपाली स्त्रीले लगाउने लोक आभूषण हो। यी सबै आभूषण नेपाली लोकजीवनमा स्त्रीले लगाउने भौतिक वस्तु हुन् ।

रामलाल अधिकारीका निबन्धमा पाइने लोकआभूषणको वर्गीकरणगत अध्ययन यस प्रकारले गर्न सकिन्छ-

(क) नेपाली धामी झाँक्रीले लगाउने लोकआभूषण-

रामलाल अधिकारीका निबन्धमा धामी-झाँक्रीले चिन्ता बस्दा र पूजापाठ गर्दा लगाउने लोकआभूषण दुम्सीको काँडा, कौडी, रूद्राक्षको दाना र घण्टीका मालालाई प्रस्तुत गरिएको पाइन्छ। यी दुम्सीको काँडा, कौडी, रूद्राक्षको दाना र घण्टीका मालाले बोक्सी-डायन, चुडेलनी, भूत-प्रेत अनि मसान मन्साउन-पन्साउन सहयोगी मानिन्छन् ।

(ख) नेपाली स्त्रीले लगाउने लोकआभूषण-

रामलाल अधिकारीका निबन्धमा नेपाली स्त्रीले लगाउने पोते, पुँवालो, कल्ली जस्ता नेपाली लोकआभूषणलाई प्रस्तुत गरिएको पाइन्छ। यी लोकआभूषणले नेपाली स्त्रीका मौलिक लोकआभूषण हुन् ।

रामलाल अधिकारीका निबन्धमा पुरूष र स्त्री दुवैले भौतिक वस्तु लोकआभूषणलाई प्रस्तुत गरिएको पाइन्छ। उनका निबन्धमा झाँक्रीले लगाउने आभूषण र नेपाली स्त्रीले लगाउने लोकआभूषणलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ।

**लोकवाद्य**

लोकको मौलिक बाजा वा लोकले परम्परागत रूपमा बजाउने वाद्य नै लोकवाद्य हुन् । बाजा सङ्गीतकै एक अङ्ग हो। कुनै पनि जातिको आफ्नो मौलिक लोकवाद्य हुन्छ। नेपाली जातिको पनि आफ्नो मौलिक लोकवाद्य छ । नेपाली लोकसमुदायले परापूर्वकालदेखि विभिन्न पर्वोत्सवमा लोकबाजा बजाउने चलन चलिआएको छ । निबन्धकार रामलाल अधिकारीले आफ्ना विविध निबन्धमा नेपाली लोकसमुदायले बजाउने विविध प्रकारका लोकवाद्यलाई प्रस्तुत गरेका छन् । उनको बिहे गर्ने रहर लाग्दा निबन्धमा बिहेमा बजाइने नेपाली लोकवाद्यलाई यसरी प्रस्तुत गरिएको छ- 'तुरही, कर्णाल गुञ्जिन्छ । ढोलकी, ट्यामको र दमाहा गर्जिन्छ'(अलौटा र ठेटना, पृ ७९)। यसमा प्रस्तुत, तुरही, कर्णाल, ढेलकी, ट्यामको र दमाहा नेपाली लोकवाद्य हुन् । यी सबै लोकवाद्य भौतिक वस्तु हुन् । उनको अर्को निबन्ध देख्लास् बाबुको बिहेमा नेपाली लोकवाद्यलाई यसप्रकारले प्रस्तुत गरिएको छ 'नौमती बाजा बजाउने दर्जीहरूसमेत राग र धूनको अनुमति बेहुलाकै बाबुबाट लिन खोज्दा रहेछन्'(भैरवको भूत, पृ ३५)। यसमा उल्लेखित नौमती बाजा नेपाली लोकवाद्य हो। प्रस्तुत लोकवाद्य भौतिक वस्तु हो ।

निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने लोकवाद्यको वर्गीकरण यसप्रकारले गर्न सकिन्छ-

(अ) शुषिर बाजा-

मुखले फुकेर बजाइने बाजालाई शुषिर बाजा भनिन्छ। निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने तुरही, कर्णाल शुषिर बाजा हुन्। यसलाई नेपाली लोकसमुदायले विवाह र विशेष पर्वोत्सवमा फुकेर बजाउने चलन छ।

(आ) तालबाजा-

पिटेर ठोकेर बजाइने बाजा ताल बाजा हुन्। रामलाल अधिकारीका निबन्धमा प्रस्तुत ढोलकी, ट्याम्को र दमाहा तालबाजा हुन् । यसलाई नेपाली लोकसमुदायले विशेष पर्वोत्सव ठोकेर बजाउने चलन चलिआएको छ। यसरी रामलाल अधिकारीका निबन्धमा भौतिक वस्तु शुषिर बाजा र तालबाजालाई प्रस्तुत गरिएको पाइन्छ।

**लोकसामग्री**

लोकले प्रयोग गर्ने सामग्री नै लोकसामग्री हुन् । नेपाली लोकसमुदायले प्राचीनकालदेखि विभिन्न भाँडाकुडा, हात-हतियार, हलो-कोदाली, कोक्रो, टोकरी जस्ता लोकसामग्री प्रयोग गर्दै आएका छन् । निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा नेपाली लोकसमुदायले प्रयोग गर्ने गर्ने विविध प्रकारका सामग्रीको उल्लेख गरेका छन् । उनको एशिया-७२ को बंगालमा दार्जीलिङ-नामक निबन्धमा विविध लोकसामग्रीको उल्लेख पाइन्छ। उदाहरण-'मझेरीमा धिरी जस्तो भोटे चिया बनाउने बाँसको भाँडो ठड्याइएको थियो। ताकमा सजाइएका काँसे थाल बटुका एउटा गाग्री र कालेबुङे झोला बाहेक अन्य सबै भाँडा वर्तन र घरेलु उपयोगका सामग्रीहरू

तिब्बतीय शैलीका थिए'(रविसप्तमी, पृ ४५) । यसमा प्रस्तुत चिया बनाउने बाँसको भाडो, काँसे थाल, बटुका र गाग्री भौतिक लोकसामग्री हुन् । यी लोकसामग्री नेपाली लोकसमुदायले प्रयोग गर्ने भौतिक लोकसामग्री हुन् ।

उनको अर्को निबन्ध दार्जीलिङका चियाबारीमा नेपाली समाज-मा लोकसामग्रीलाई यसरी प्रस्तुत गरिएको छ- 'असार साउनको झरीमा कोक्रामा आफ्नो नवजात शिशु बोकी त्यसमाथि घूम ओढाएर आफू आधा भिज्दै उही एउटै थाप्लामा टोकरी पनि बोकी चियाका पात टिपिरहेकी भरखरकी सुत्केरी आमाहरूलाई देख्दा संसारभरिका सबभन्दा धेर दुखिया स्त्रीहरू यिनीहरू नै होलान भन्ने लाग्छ'(निसंस्मरण, पृ १२१)। यसमा प्रस्तुत कोक्रा, टोकरीजस्ता वस्तु भौतिक लोकसामग्री हुन् ।

यसरी नै उनको अर्को निबन्ध नेपाली लोक साहित्यमा सिलोक-मा लोकसामग्रीलाई यसरी प्रस्तुत गरिएको छ- 'वन-पाखामा दाउरा पात गर्दा, गैह्री खेतमा र भस्मेमा काम गर्दा, गाई-भैसीका गोठ लेक-ब्याँसी सार्दा, बिहान सबेरै बिरूवा बारीमा  घाँस काट्न, कँचिया पटुकामा भिरेर दुवै मुठी जाडाले काखी मुनी घुसारेर हिँड्दा वा अघिअघि जोडा बहर नारेर काँधमा हलो र हातमा लामु सिर्कनु लिई बारी जोत्न निस्कने मान्छे सिलोक गाउँछ'(रविसप्तमी, पृ २)। यसमा प्रस्तुत कँचिया हलो भौतिक लोकसामग्री हुन् ।

रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसामग्रीको वर्गीकरण यसप्रकारले गर्न सकिन्छ-

(अ)बाँसद्वारा निर्मित लोकसामग्री

रामलाल अधिकारीका निबन्धमा प्रस्तुत चिया बनाउने बाँसको भाडो, कोक्रा र टोकरी बाँसद्वारा निर्मित लोकसामग्री हुन् ।

(आ)धातुद्वारा निर्मित लोकसामग्री

रामलाल अधिकारीका निबन्धमा प्रस्तुत काँसे थाल, बटुका, गाग्री र कँचिया धातुद्वारा निर्मित भौतिक लोकसामग्री हुन् ।

अतः रामलाल अधिकारीका निबन्धमा बाँसद्वारा निर्मित लोकसामग्री र धातुद्वारा निर्मित लोकसामग्रीको प्रस्तुति पाइन्छ ।

**परम्परागत घर/लोककला**

नेपाली लोकसमुदायमा विविध प्रकारका घर, वस्तु तथा सामग्री निर्माण गर्ने परम्परा परापूर्वकालदेखि चलिआएको छ । निबन्धकार रामलाल अधिकारीले उनका विविध निबन्धमा विविध प्रकारका लोककलालाई प्रस्तुत गरेका छन् । उनले उनको बब् मार्ले र मेरी छोरी-नामक निबन्धमा नेपाली लोकसमुदायद्वारा निर्मित परम्परागत घरलाई प्रस्तुत गरेका छन् । उदाहरण- 'चिमका भित्ता र खरका छाना, रातो माटो र कमेराको रङरोगन लाएका घरहरू अहिले महल बनिन थाले'(भैरवको भूत, पृ १०३)।

उनको अर्को निबन्ध 'मेरो घरः कुनै समयको'मा आदिम मानिसले बनाउने घरलाई यसरी प्रस्तुत गरिएको छ - '...प्रकृतिले बनाइदिएका ओडारहरू मानव संख्या वृद्धिका अनुपातमा थोरै हुन थाले पछि परिवारको मूल सदस्यले वन्य जन्तु र घाम पानीबाट आफ्ना परिवारका सदस्यलाई जोगाउन रूखका मूढाहरूका बार र श्याउलाको छाना सहितको छाप्रो र झुप्रो बनाउँदा कति ठूलो गर्व मान्यो होला'(निसंस्मरण, पृ १८७)।

प्रस्तुत निबन्धमा उल्लेखित चिमका भित्ता र खरका छाना लगाएका परम्परागत घर, छाप्रो र झुप्रो भौतिक लोककलाका उदाहरण हुन् । नेपाली लोकसमुदाय प्राचीनकालमा यस प्रकारका घरमा बस्ने परम्परा रहेको पाइन्छ । यसप्रकारका खरका छाना लगाएका घर भौतिक लोककला हुन् ।

निबन्धकार रामलाल अधिकारीका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिको अध्ययन अनुसन्धान गरेपछि उनका निबन्धमा पाइने भौतिक लोकसंस्कृतिका तथ्यहरूलाई यसरी प्रस्तुत गरिएको छ-

-निबन्धकार रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले खाने भौतिक तथा मौलिक लोकखाद्य पदार्थ साग-सब्जी, माछा-मासु, गुन्द्रुक, सिन्की, सिद्रा, सुकुटी, किनेमा, जाँड, कोदाको ढिँडो, कोदाको रोटी  प्रस्तुति पाइन्छ ।

-रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायका भौतिक तथा मौलिक वेशभूषाको प्रस्तुति पाइन्छ । उनका निबन्धमा  पुरूषले दौरा सुरूवाल, खाँडीको दौरा, खाडीको पटुका अनि स्त्रीले चौबन्दी चोलो र गुन्यू, हेम्बरी, पटुका जस्ता लोकवेशभूषा लगाउने परम्पराको प्रस्तुति पाइन्छ ।

-रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायका झाँक्रीले लगाउने कौडी, रूद्राक्षको दाना र घण्टीका माला अनि स्त्रीले लगाउने पोते, पुँवालो, कल्ली जस्ता भौतिक लोकआभूषणको प्रस्तुति पाइन्छ ।

-रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले तुरही, कर्णाल जस्ता शुषिरबाजा अनि ढोलकी, ट्याम्को र दमाहा जस्ता तालबाजा बजाउने परम्पराको प्रस्तुति पाइन्छ। उनका निबन्धमा नौमति बाजा जस्ता भौतिक बाजा बजाउने परम्पराको प्रस्तुति पाइन्छ।
-रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले चलाउने बाँसद्वारा निर्मित चिया बनाउने बाँसको भाडो, कोक्रो र टोकरी जस्ता भौतिक लोकसामग्री अनि धातुद्वारा निर्मित काँसे थाल, बटुका र गाग्रीको प्रस्तुति पाइन्छ।
-रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले खरका छाना, स्याउलाका छाना र चिमका भित्ता वा मुढा लगाएर घर बनाउने परम्परागत लोककलाको प्रस्तुति पाइन्छ।

अतः रामलाल अधिकारीका निबन्धमा भौतिक लोकसंस्कृतिका विविध पक्षहरू पाइन्छन् । उनका निबन्धमा नेपाली लोकसमुदायले उपभोग, उपयोग र प्रयोग गर्ने परम्परागत भौतिक नेपाली लोकसामग्री तथा विविध भौतिक वस्तुको प्रस्तुति पाइन्छ। उनका निबन्धमा भौतिक लोकसंस्कृतिको यथोचित प्रस्तुति पाइन्छ।

**निष्कर्ष**

नेपाली लोकसमुदायले विविध प्रकारका भौतिक वस्तुको उत्पादन मात्र नगरेर त्यसको उपभोग र प्रयोग पनि गर्दछन्। नेपाली लोकजीवनमा विविध प्रकारका भौतिक वस्तुको आवश्यकता पर्दछ। भौतिक वस्तुको प्रयोग र उपभोगद्वारा नै नेपाली लोकसमुदायले आफ्नो जीवनका विविधकार्य तथा आवश्यकता पूरा गर्दछन्। निबन्धकार रामलाल अधिकारीका विविध निबन्धमा नेपाली लोकसमुदायले उपभोग र प्रयोग गर्ने विविध प्रकारका भौतिक वस्तुको उल्लेख पाइन्छ । उनका निबन्धमा नेपाली लोकसमुदायले उपभोग, उपयोग र प्रयोग गर्ने लोकखाद्य, लोकवेशभूषा, लोकआभूषण, लोकवाद्य, लोकसामग्री र लोककला जस्ता भौतिक लोकसंस्कृतिको प्रस्तुति पाइन्छ।

निबन्धकार रामलाल अधिकारीका निबन्धमा नेपाली लोकसमुदायले खाने कोदोको ढिँडो, कोदोको रोटी, माछा, मासु, गुन्द्रुक, सिद्रा, सिकुटी जस्ता भौतिक लोकखाद्य पदार्थ, दौरा सुरूवाल, चौबन्दी चोलो, हेम्बरी, पटुका जस्ता भौतिक लोकवेशभूषा, कौडि, पोते, पुँवालो, कल्ली जस्ता भौतिक लोकआभूषण, कर्णाल, ढोलकी, दमाहा जस्ता भौतिक लोकवाद्य, बाँसको भाडो, टोकरी,कोक्रो, काँसे थाल, गाग्री, कँचिया जस्ता भौतिक लोकसामग्री तथा लोकद्वारा निर्मित परम्परागत घर, छाप्रो, झुप्रो जस्ता भौतिक लोककलाको प्रस्तुति पाइन्छ। उनले यी भौतिक लोकसंस्कृतिलाई आफ्ना निबन्धमा कलात्मक रूपमा प्रस्तुत गरेका छन्।

**सन्दर्भग्रन्थ सूची**

नेपाली पुस्तक
अधिकारी, रामलाल, भोकाएको कुकुर के भन्छ ?, प्रकाशक परमानन्द शर्मा चौक बजार दार्जीलिङ, २०१९ ।
अधिकारी, रामलाल- रविसप्तमी, श्रीराज प्रकाशन दार्जीलिङ, प्रथम संस्करण, सन् १९७३ ।
अधिकारी, रामलाल- अलौटा र ठेटना, अचला भगवती प्रकाशन दार्जीलिङ, सन् १९७६ ।
अधिकारी, रामलाल- निसंस्मरण, प्रकाशिका श्रीमती दिलकुमारी भण्डारी गान्तोक सिक्किम, सन् १९९५ ।
अधिकारी, रामलाल- विदित- अविदित, निर्माण प्रकाशन दक्षिण सिक्किम, सन् १९९८ ।
अधिकारी, रामलाल-नेपाली निबन्ध यात्रा, मेसर्स प्रिन्टेड प्रकाशक तादोङ सिक्किम, द्वितीय संस्करण सन् १९९९ ।
अधिकारी, रामलाल- भैरवको भूत, मेसर्स प्रिन्टेड प्रकाशक तादोङ सिक्किम, सन् २००१ ।
खत्री, प्रेमकुमार- नेपाली समाज र संस्कृति, साझा प्रकाशन ललितपुर, चौथो संस्करण, २०६१ ।
चालिसे, विजय- डोटेली लोकसंस्कृति र साहित्य, साझा प्रकाशन ललितपुर, दोस्रो संस्करण, २०६५ ।
जोशी, सत्यमोहन- नेपाली चाडपर्व, साझा प्रकाशन ललितपुर, तेस्रो संस्करण, २०७३ ।
दिवस, तुलसी- प्रदर्शनकारी धिमाल लोक-संस्कृति,ने रा प्र प्र प्रकाशन काठमाडौं, २०३५ ।
दीप, ध्रुवकृष्ण- हाम्रो संस्कृति हाम्रो डुकुटी, साझा प्रकाशन ललितपुर, २०५२ ।
पराजुली, कृष्णप्रसाद- नेपाली लोकगीतको आलोक, रत्न पुस्तक भण्डार प्रकाशन काठमाडौं, दोस्रो संस्करण ,२०६४ ।
पराजुली, मोतिलाल- नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू, साझा प्रकाशन ललितपुर, २०६० ।
पौड्याल, वीणा र अन्य- चाडपर्वको घर नेपाल, नेपाल प्रज्ञा-प्रतिष्ठान काठमाडौं, २०७४ ।

पौड्याल, द्रोणकुमार उपाध्याय- लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ, नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ,२०७४ ।
बन्धु, चूडामणि- कर्णाली लोकसंस्कृति, नेराप्रप्र, प्रकाशक काठमाडौं, २०२८ ।
बन्धु, चूडामणि- नेपाली लोकसाहित्य, एकता बुक्स प्रकाशन काठमाडौं, २०७१ ।
लामिछाने, मनोहर- लोकसाहित्य र संस्कृतिका केही पाटाहरू, साझा प्रकाशन ललितपुर, दोस्रो संस्करण ,२०६७ ।
लामिछाने, माधवप्रसाद- नेपाली समाजमा तन्त्रपरम्परा, नेपाल प्रज्ञा प्रतिष्ठान प्रकाशक काठमाडौं, २०७३ ।
सिहं स्थिर, जङ्गबहादुर- कर्णाली लोकसंस्कृति, प्रकाशक ने रा प्र प्र काठमाडौं, २०२८ ।
जोशी, सत्यमोहन, वि.सं.२०२८, कर्णाली लोक संस्कृति, खण्ड १, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान प्रकाशन काठमाडौं, २०२८ ।
सिंह, डी.बी- लोकलबज भाग-१,ज्योति प्रकाशन, दार्जीलिङ, २०६८ ।
सुवेदी, हंसपुरे- नेपाली लोकजीवनः लोकविश्वास, साझा पुस्तक प्रकाशन, काठमाडौं, २०५५।
श्रेष्ठ, तेजप्रकाश- नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा,  साझा प्रकाशन, ललितपुर, २०६० ।
श्रेष्ठ, तेजप्रकाश- नेपाली लोकवार्ता विविध सन्दर्भ, साझा प्रकाशन, ललितपुर, २०७५ ।

**हिन्दी पुस्तक**

तिवारी, रामचन्द्र- हिन्दीका गद्य साहित्य, विश्वविद्यालय प्रकाशन चौक वाराणसी, षष्ठम् संस्करण, सन् २००७ ।
पाण्डेय, रामसजन- संस्कृति और सौन्दर्य, संजय प्रकाशन नई दिल्ली, सन् २००६ ।